लुम्बिनी प्रदेश सरकार

# उद्योग, पर्यटन तथा यातायात मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

प.सं. २०८१/८२
च.नं. 630

मितिः- २०८२/०१/०४

<u>अभौतिक साँस्कृतिक सम्पदा पत्रिका (जर्नल) को लागि लेख रचना उपलब्ध गराउने सम्बन्धी सूचना।</u>

यस मन्त्रालयको आ.व. २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रममा लुम्बिनी प्रदेशभित्रका चाडपर्व, मेला, जात्रा लगायतका अभौतिक सम्पदाहरुको अभिलेख गर्ने कार्यक्रम रहेकोले उक्त कार्यक्रम कार्यान्वयन गर्न विज्ञहरुको सहभागितामा बुटवलमा मिति २०८१/१२/१५ गते अन्तर्क्रिया गरी मापदण्ड निर्धारण तथा अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको व्यहोरा अनुरोध गरिन्छ। अन्तर्क्रिया कार्यक्रममा सहभागी हुनु भएका वा छुट हुनु भएका तथा तपसिलको विषय क्षेत्र तथा ढाँचामा अनुसन्धानमूलक लेख/रचनाहरु लेखन सम्बन्धी योग्यता र अनुभव भएका लेखकलाई अभौतिक साँस्कृतिक सम्पदा सम्बन्धी अनुसन्धनात्मक लेख/रचनाहरु इमेल culturetourismlumbini@gmail.com वा Soft Copy यस मन्त्रालयको पर्यटन तथा सँस्कृति महाशाखामा १ (एक) महिना भित्र उपलब्ध गराईदिनुहुन इच्छुक सबैमा अनुरोध गरिन्छ।

<u>लेखनका लागि विषयक्षेत्रहरुः-</u>

(१) अभौतिक साँस्कृतिक सम्पदाको संवाहकको रुपमा भाषा सहितका मौखिक परम्परा तथा अभिव्यक्ति,
(२) अभिनय कला,
(३) सामाजिक व्यवहार, अनुष्ठान तथा चाडपर्वका उत्सव,
(४) प्रकृति र ब्रम्हाण्डसँग सम्बन्धित ज्ञान तथा व्यवहार,
(५) परम्परागत कला कौशलता,
(६) परम्परागत खाद्य परिकार,
(७) परम्परागत खेलकुद,

<u>अनुसन्धानमूलक/तथ्यमूलकलेख/रचनाको ढाँचा</u>

(१) शीर्षक (Heading),
(२) लेखसार (Abstract) (१५० शब्दसम्म)
(३) मुख्य शब्दावली (Keywords)
(४) पृष्ठभूमि (Background)
(५) अध्ययनको उद्देश्य (Objective of the study)
(६) सम्बन्धित साहित्यको पुनरावलोकन (Literature Review)
(७) अध्ययन विधि (Methodology)
(८) तथ्याङ्क प्रस्तुति र विश्लेषण (Data Presentation and Analysis)
(९) प्राप्ति र विश्लेषण (Result and Discussion)
(१०) निष्कर्ष (Conclusion)
(११) कृतज्ञता (Acknowledgment)
(१२) सन्दर्भ सामग्री (References)

रमेश [illegible]
(उप-सचिव)
०८२/०१/०४

लुम्बिनी प्रदेश सरकार

# उद्योग, पर्यटन तथा यातायात मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

प.सं. २०८१/८२

च.नं. ६३०

**लेख रचना छनौटका आधारहरु:**

(१) लुम्बिनी प्रदेशभित्र रहेका कुनै पनि जाति/समुदायसँग सम्बन्धित माथि उल्लेखित विधाहरु मध्ये कुनै एक विधामा केन्द्रत भई अनुसन्धनात्मक लेख हुनु पर्नेछ।

(२) लेख रचना अन्य कुनै पनि माध्यमबाट यस अघि प्रकाशित नभएको तथा मौलिक हुन पर्नेछ।

(३) खोज, अनुसन्धनात्मक तथा विश्लेष्णात्मक लेख रचनालाई प्राथमिकता दिईने छ।

(४) अंग्रजी वा नेपाली भाषामा लेख रचना लेख्न सकिने छ। भाषिक तथा व्याकरणीय शुद्धता कायम गर्नुपर्नेछ।

(५) नेपाली लेख कालीमाटी फन्ट (१२) तथा अंग्रेजी भाषामा भए Times New Roman फन्ट (१०) मा ३००० देखि ५००० शब्दको हुनुपर्नेछ तथा पृष्ठको सबैतर्फ १ इन्च मार्जिन छोडेको हुनुपर्नेछ।

(६) छनौट भएका लेख रचनाको पारिश्रमिक रकम यस मन्त्रालयको निर्णयानुसार उपलब्ध गराईनेछ।

(७) लेख रचना उपलब्ध गराउँदा लेखसँग सम्बन्धित तस्विरहरु समेत संलग्न हुनु पर्नेछ।

(८) लेखकको परिचय सहित पासपोर्ट साईजको फोटो एक प्रति, सम्पर्क नं., आवद्ध संस्था भएमा सोको नाम र पद, बैक खाता नम्बर र स्थायी लेखा नम्बर (Pan Number) समेत उपलब्ध गराउनु पर्नेछ।

(९) लेख रचनाको सन्दर्भ सामग्री सूची APA Format मा भएको हुनुपर्नेछ।

(१०) प्राप्त लेख रचनाहरु प्रकाशनको लागि छनौट गर्ने वा नगर्ने अधिकार सम्पादन मण्डलमा निहित रहनेछ र अस्वीकृत लेख रचना फिर्ता गरिने छैन। छनौट भए पश्चात मात्र उक्त जर्नलमा प्रकाशित गरिनेछ। प्रकाशित हुने लेख रचनाको प्रतिलिपि अधिकार यस मन्त्रालयमा रहनेछ। तर लेखमा रहेका विचार र अवधारणा लेखकका निजी विचार हुने भएकोले तिनले संस्थागत प्रतिनिधित्व गर्ने छैन।

(११) थप जानकारीको लागि गणेश घिमिरे, बरिष्ठ शाखा अधिकृत (९८५७०५७७५५), कृष्णचन्द्र गिरी, अधिकृत (९८४१११५१४८)

०८२/०९/०८

(रमेश गौतम)

उप-सचिव